# स्थानीय राजपत्र

धुलिखेल नगरपालिकाद्वारा प्रकाशित

खण्ड) ७ धुलिखेल, माघ महिना १८ गते, २०८० साल (संख्याः ३

## भाग १

## धुलिखेल नगरपालिकाको वित्तीय साक्षरता रणनीति

२०८०-२०८५

# धुलिखेल नगरपालिकाको वित्तीय साक्षरता रणनीति
## २०८०-२०८५




धुलिखेल नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
धुलिखेल
जिल्लाः काभ्रेपलाञ्चोक
बागमती प्रदेश

# विषय सूची


१. वित्तीय साक्षरता रणनीति एक झलक ........ १
२. पृष्ठभूमि ........ २
३. वित्तीय साक्षरताको बुझाइ ........ २
४. वर्तमान अवस्था ........ ५
५. हालसम्मको प्रयास ........ ७
६. वित्तीय साक्षरता रणनीतिको आवश्यकता ........ ८
७. अवसर, समस्या तथा चुनौतीको विश्लेषण ........ ९
८. सोचः ........ ११
९. लक्ष्यः ........ ११
१०. उद्देश्य ........ ११
११. रणनीतिक प्राथमिकताहरु ........ १२
१२. रणनीति तथा कार्यनीतिहरु ........ १२
१३. रणनीति कार्यान्वयनको व्यवस्था ........ २०
१४. स्रोत व्यवस्थापन ........ २०
१५. अनुगमन तथा मूल्याङ्कन ........ २०
१६. जोखिम ........ २१
१७. समीक्षा तथा संशोधन ........ २३

## १. वित्तीय साक्षरता रणनीति एक झलक

**सोच**

"वित्तीय साक्षरताले सूसुचित नागरिक, आर्थिक तथा वित्तीय रुपले समृद्ध धुलिखेल नगरपालिका"

**लक्ष्य**

"धुलिखेल नगरपालिकाका सबै नागरिकहरुको वित्तीय ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने"

**उद्देश्य**

- वित्तीय साक्षरता अभिवृद्धि गर्ने
- वित्तीय साक्षरताको माध्यमबाट ज्ञान, सीप, धारणा र व्यवहारमा परिवर्तन ल्याउने
- वित्तीय पहुँच, उपयोग र वित्तीय सशक्तीकरणमा योगदान दिने
- अनौपचारिक क्षेत्रमा रहेका आर्थिक तथा वित्तीय कारोबारहरुलाई बैंक तथा वित्तीय संस्थाको दायरामा ल्याउने

**अपेक्षित उपलब्धि**

- पैसाको व्यस्थापन र सम्पत्ति सुरक्षित हुने
- अग्रिम योजना र दिगो भविष्य सुनिश्चित हुने
- संयुक्त वित्तीय निर्णयहरु प्रभावकारी रुपमा हुने
- वित्तीय ठगी र अत्यधिक ऋणको बोझबाट जोगिने
- वित्तीय क्षमता र वित्तीय उत्थानशीलतामा बृद्धि हुने

**पद्धति**

- सरोकारवाला संघ-संस्थाहरुसँग साझेदारीमा बृद्धि
- प्रभावकारी रुपमा सेवा विस्तार गर्ने
- वित्तीय सेवाहरुका पहुँचमा सुधार गर्ने
- सदस्यहरुको व्यवहारमा परिवर्तन गर्ने

**प्रमुख क्षेत्र**

- वित्तीय सेवामा पहुँच र उपयोग
- वित्तीय व्यवस्थापनमा गुणस्तरीय मार्गदर्शन प्रदान
- उद्यमशीलता विकास
- विद्युतीय वित्तीय सेवा र सदस्य संरक्षण प्रबर्द्धन

**रणनीति**

- लक्षित वर्गको पहिचान गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने
- वित्तीय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने
- वित्तीय सेवाहरुमा पहुँच विस्तार गर्ने
- बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने
- वित्तीय व्यवस्थापन र जिम्मेवार वित्तका लागि गुणस्तरीय मार्गदर्शन प्रदान गर्ने
- उद्यमशीलता विकासका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालनलाई प्रोत्साहन गर्ने
- सहकारी संस्थाहरुलाई सुदृढ गरी परिचालन गर्ने
- सरोकारवाला निकायहरुसँग समन्वय र साझेदारी गर्ने
- विद्यालय पाठ्यक्रममा वित्तीय साक्षरता कार्यक्रम समावेश गर्न प्रदेश सरकारसँग समन्वय गर्ने
- विद्युतीय वित्तीय सेवा प्रवाहको सुदृढीकरण गर्ने
- नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरु वा कार्यक्रमहरुमा वित्तीय साक्षरता कार्यक्रम समावेश गरी सञ्चालन गर्ने

## २. पृष्ठभूमि

धुलिखेल नगरपालिका समुद्र सतहबाट १६२५ मिटर उचाइमा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल ५,४६२ वर्ग कि.मि. रहेको छ र यो १२ ओटा वडामा विभक्त छ । २०७८ सालको जनगणना अनुसार यस नगरपालिकामा ८,५७० घर-परिवार रहेका छन् । यहाँको कुल जनसंख्या ३३,७२६ रहेको छ । जसमध्ये महिला र पुरुषको जनसंख्या क्रमशः १७,२६४ र १६,४६२ रहेको छ । राजधानी काठमाडौसँग जोडिएकोले यो आफैंमा पहिलेदेखि नै व्यापारिक केन्द्रको रुपमा रहेको छ त्यसमा पनि अरनिको तथा बि.पी राजमार्ग यसको केन्द्रबाट गएकोले यसको व्यापारिक महत्व अझ बढेको छ । यो नगरपालिकामा सामाजिक तथा आर्थिक पूर्वाधारका सूचकहरु पनि राष्ट्रिय औसतभन्दा धेरै माथि रहेकाले व्यावसायिक अवसरहरु पनि प्रशस्त छन् । साथै यो पर्यटकीय नगरीको रुपमा समेत परिचित छ ।

समग्रमा विश्लेषण गर्दा आर्थिक क्रियाकलापको प्रमुख केन्द्रको रुपमा विकास भएको र यो दिनानुदिन बढ्दै गएको परिप्रेक्ष्यमा यस नगरपालिकामा वित्तीय कारोबार पनि बढ्दै जानु स्वाभाविक देखिन्छ । वित्तीय सेवा प्रवाहका लागि हाल यस नगरपालिकामा ८ ओटा बाणिज्य बैंक, ७ ओटा लघुवित्त वित्तीय संस्था र १०७ ओटा सहकारी संस्था कार्यरत छन् । साथै २२५ ओटा गैरसरकारी संस्थाहरुले पनि यस नगरपालिकामा कार्य गर्दै आइरहेका छन् । नगरपालिका भित्रको आर्थिक कारोबारलाई व्यवस्थित गर्न, अनौपचारिक रुपमा भइरहेका आर्थिक तथा वित्तीय कारोबारलाई बैंक तथा बित्तीय संस्था अन्तरगत ल्याउन, नागरिकलाई अनावश्यक झन्झट र ठगीबाट मुक्त गरी सरल र सहज वित्तीय सेवा पुर्‍याउँदै “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय सोच पूरा गर्न यो रणनीतिले महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ ।

तसर्थ, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत डिप्रोक्स-नेपालको प्राविधिक सहयोगमा नगरपालिकाले यो वित्तीय साक्षरता रणनीति तर्जुमा गरेको छ ।

## ३. वित्तीय साक्षरताको बुझाइ

वित्तीय साक्षरता आम्दानी, खर्च, वित्तीय योजना, बजेट, बचत, कर्जा, लघु-व्यवसाय, लगानी आदिको राम्रो व्यवस्थापन गर्न आवश्यक पर्ने ज्ञान, सीप र व्यवहार सिकाउने शिक्षा हो । वित्तीय साक्षरताबाट असल वित्तीय व्यवहार गर्न,

व्यवसाय छनोट तथा सञ्चालन गर्न र आफ्नो आर्थिक समृद्धिका लागि वित्तीय लक्ष्य निर्धारण गर्ने ज्ञान र सीप पाइन्छ । ECI अफ्रिकाले 'Financial Literacy Scoping Study and Strategy Project' को प्रतिवेदनमा वित्तीय साक्षरतालाई पैसाको प्रयोग र व्यवस्थापन सम्बन्धमा सुसूचित हुने र प्रभावकारी निर्णय लिने क्षमता प्रदान गर्ने बलियो माध्यमको रुपमा परिभाषित गरेको छ । कोहेन एम् र स्टाक केका अनुसार "वित्तीय साक्षरता समुदाय र वित्तीय संस्था दुवैका लागि फाइदाजनक छ । वित्तीय साक्षरताले पैसाको उचित व्यवस्थापनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यवहारको बारेमा सिकाउँदछ ।"


वित्तीय साक्षरता औपचारिक र अनौपचारिक दुवै हुन सक्दछ । यसले व्यक्तिलाई विविध वित्तीय सेवाहरूको उपलब्धता र ती सेवाहरूको कसरी उचित प्रयोग गर्ने भन्ने जानकारी दिन्छ र उपयुक्त वित्तीय सेवाहरू छनोट गर्न सक्ने ज्ञान र सीप प्रदान गर्दछ । यसले वित्तीय अवधारणा बुझ्न सक्ने र दैनिक जीवनका लागि उपयुक्त वित्तीय सेवा छनोट गर्न सक्ने क्षमता बढाउँदछ । आफ्नो आर्थिक समृद्धिका लागि प्रभाव पार्न सक्ने उपयुक्त व्यवसाय छनोट गर्न सक्ने खुबी अनुसार वित्तीय साक्षरताको स्तर निर्धारण गर्न सकिन्छ । समुदायको शैक्षिक स्तर, उमेर समूह र विविध वित्तीय सेवाको उपलब्धताको आधारमा एक अर्को समुदायमा दिनुपर्ने वित्तीय ज्ञानका विषयहरू फरक हुन सक्दछन् । त्यसैले निश्चित समुदाय वा व्यक्तिको आवश्यकताको आधारमा वित्तीय साक्षरता कार्यक्रम तयार गरी सञ्चालन गर्न आवश्यक छ ।

सामान्यतया वित्तीय स्रोत साधनलाई आफ्नो भलाइको लागि प्रभावकारी रूपमा प्रयोग गर्न हासिल गर्ने ज्ञान तथा सीपको रूपमा वित्तीय साक्षरतालाई परिभाषित गरेको पाइन्छ । यसले वित्तीय सेवा उपलब्ध गराउनेहरूलाई समेत उनीहरूको सेवा वा उत्पादनहरूको बारेमा राम्ररी बुझ्न, उक्त उत्पादनसँग जोडिएको जोखिमको घनत्व एवम् गहिराइको पहिचान गर्न र त्यसलाई व्यवस्थापन गर्न तथा उनीहरूका ग्राहक (उपभोक्ता) को वास्तविक आवश्यकतालाई पहिचान गरी आफ्ना उत्पादनहरूलाई परिमार्जन गर्न सहयोग पुर्‍याउँछ । वित्तीय साक्षरताले समग्र वित्तीय प्रणालीमा विश्वास अभिवृद्धि गर्दछ र सहभागिता वृद्धि गर्न पनि मद्दत गर्दछ ।

*"वित्तीय ज्ञान, क्षमता, सीप र संस्कृति भएको व्यक्ति नै वित्तीय रुपमा सक्षम व्यक्ति हो जसले व्यक्तिगत वित्त र परिस्थिति अनुसार सही कार्यहरु गर्न उनीहरुलाई सुसूचित गराउने र जिम्मेवार निर्णय गर्न सक्ने अवसर प्रदान गर्दछ।"*

## वित्तीय साक्षरताको अवधारणात्मक संरचना

वित्तीय साक्षरताको अवधारणात्मक संरचनाले विभिन्न लक्षित वर्गहरुलाई वित्तीय ज्ञान प्रदान गरी सीपहरु र मनोवृत्तिको प्रदर्शन गरी वित्तीय परिणामका लागि व्यवहारमा परिवर्तन गर्ने प्रयास गरेको छ। यसले लक्षित वर्गहरुको मागको पक्षमा प्राथमिकताहरुलाई राम्रोसँग बुझ्न मद्दत गर्नेछ जसले बजार उत्तरदायी, उत्पादन प्रबर्द्धन, वहिष्करण तथा वञ्चितीकरणमा परेकाहरुलाई समावेश, वित्तीय




प्रभावकारिता र नाफामा बृद्धि गर्न मद्दत गर्नेछ। नेपाल राष्ट्र बैंकको वित्तीय साक्षरता फ्रेमवर्क अनुसार अवधारणात्मक संरचनालाई तल चित्रण गरिएको छ :-

**वित्तीय साक्षरताः** आम्दानी, खर्च, बजेट, बचत, ऋण र लगानीको लागि पैसाको सही तरिकाले व्यवस्थापन गर्ने अभ्यासहरु अपनाउन आवश्यक ज्ञान, सीप र धारणामा सकारात्मक विकास गर्ने शिक्षा हो। यसले गरिबहरुको आर्थिक सुरक्षामा सुधार गर्न, वित्तीय सेवाहरुलाई अझ प्रभावकारी रुपमा प्रयोग गर्न, सूचना र स्रोतहरु प्रयोग गर्ने क्षमता विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

**वित्तीय क्षमताः** वित्तीय क्षमता ज्ञान, सीप, धारणा र व्यवहारको संयोजन हो जसले व्यक्तिलाई तर्कसङ्गत रुपमा सुसूचित गरी प्रभावकारी वित्तीय निर्णयहरु लिन सहयोग गर्दछ ।

**वित्तीय क्षमताका आधारहरुः**

**ज्ञानः** विभिन्न माध्यमबाट प्राप्त जानकारीको भण्डारण, जस्तैः शिक्षा, प्रशिक्षण र व्यक्तिगत अनुभव ।

**सीपः** प्राप्त ज्ञानलाई लागु गर्ने क्षमता ।

**धारणाः** ज्ञान प्रयोग गर्न समय र स्रोतहरु खर्च गर्ने इच्छुकता र तत्परता ।

**व्यवहारः** व्यक्तिको दैनिक जीवनमा ज्ञान, सीप र धारणाको प्रयोग ।

**वित्तीय समावेशीकरणः** वित्तीय समावेशीकरण भनेको औपचारिक वित्तीय सेवा प्रदायकहरुद्वारा उचित मूल्यमा वित्तीय सेवाबाट वञ्चित वा अर्धवञ्चित समुदायका व्यक्तिहरुको आवश्यकता पूरा गर्न उपयुक्त वित्तीय बस्तु तथा सेवाहरुको प्रावधान हो ।

*वित्तीय रुपमा समावेश भएको व्यक्ति आर्थिक रुपमा सशक्त नहुन सक्दछ । त्यसैले वित्तीय साक्षरताले सूचनाको आदान-प्रदान, वित्तीय सेवाको प्रयोगमा सुधार, तत्परता, आत्मविश्वासमा बृद्धि गरी वित्तीय पहुँच, उपयोग र सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेल्दछ ।*

## ४. वर्तमान अवस्था

आर्थिक सर्वेक्षण २०२२/२३ अनुसार कुल जनसंख्याको १५.१% नेपालीहरू गरिबीको रेखामुनि रहेका छन् । नेपालको मानव विकास सूचांङ्क अवस्था पनि संसारकै सबभन्दा कमजोर श्रेणीमा रहेको छ । संयुक्त राष्ट्र संघको सन् २०२१ को मानव विकास प्रतिवेदनले विश्वका १९१ देशमध्ये नेपाललाई गरिबीका हिसावले १४३ औं स्थानमा राखेको छ ।

नेपाल राष्ट्र बैंकले डिसेम्बर २०२२ मा गरेको वित्तीय साक्षरता आधार सर्वेक्षणको नतिजा अनुसार ५७.९ प्रतिशत नेपालीहरु वित्तीय रुपमा साक्षर रहेको पाइएको छ । वित्तीय साक्षरताको तीन आयामको रुपमा रहेको वित्तीय ज्ञान ४७.३ प्रतिशत, वित्तीय व्यवहार ६३.५ प्रतिशत र वित्तीय मनोवृत्ति ६४.१ प्रतिशत रहेको पाइएको छ । वयस्क जनसंख्याको २७.५ प्रतिशतले मात्र वित्तीय साक्षरताका तिनै आयामहरूमा न्यूनतम अङ्क प्राप्त गरेका छन् । वित्तीय ज्ञानमा ३६.५ प्रतिशत वयस्क जनसंख्या, वित्तीय व्यवहारमा ५६.६ प्रतिशत र वित्तीय मनोवृत्तिमा ९५.४ प्रतिशत वयस्क मानिसहरुले न्यूनतम अङ्क प्राप्त गरेका छन् । पुरुषको वित्तीय साक्षरता अङ्क ६१.८ प्रतिशत पाइएको छ जुन महिलाको तुलनामा ७.५ प्रतिशतले बढी हो । पुरुषको वित्तीय ज्ञानमा अङ्क ५६.५ प्रतिशत रहेको छ जुन महिलाको तुलनामा १७.९ प्रतिशतले बढी हो । वित्तीय ज्ञानमा लैङ्गिक भिन्नता सबै प्रदेशमा पाइएको छ । वित्तीय समावेशिताको स्थिति आकलन गर्दा वयस्क जनसंख्याको वित्तीय प्रयोगका सूचकहरूमा ७३.७८ प्रतिशतले भुक्तानी उपकरण, ८६.६४ प्रतिशतले बचत, लगानी वा अवकाश उपकरण, ३०.०२ प्रतिशतले बीमा सेवा र ४६.३४ प्रतिशत ऋण उपकरण प्रयोग गरेको पाइएको छ । बचत उपकरणहरूमध्ये ७१.०६ प्रतिशत वयस्क जनसंख्याले बचत खाताको प्रयोग गरेको पाइएको छ भने लगानी कोष सबैभन्दा कम प्रतिशत जनसंख्याले प्रयोग गरेका छन् । वयस्क जनसंख्याको ८.४६ प्रतिशतले निर्जीवन बीमा उपकरणहरू प्रयोग गरेका छन् भने २६.७८ प्रतिशतले जीवन बीमा उपकरणहरू प्रयोग गरेका छन् । लगभग दुई-तिहाइ वयस्क जनसंख्या कम्तिमा ५ किसिमका वित्तीय उपकरण बारे सचेत छन् । अझै पनि ७१.८३ प्रतिशत वयस्क जनसंख्या आफ्नो आर्थिक आवश्यकता पूरा गर्न परिवार तथा साथीभाइको बचत वा ऋणमा निर्भर रहेका छन् ।

सर्वेक्षणमा ४६.३४ प्रतिशत वयस्क जनसंख्याले कर्जा प्रयोग गरेका छन् भने जम्मा १७.६० प्रतिशतले मात्र बैक कर्जा उपयोग गरेका छन् । कृषि र निर्माण क्षेत्रका कामदारको सबैभन्दा कम हिस्साले बैंक कर्जा प्रयोग गरेका छन् भने होटल र रेष्टुरेन्टका कामदारको बढी हिस्साले सामूहिक बचत ऋणको प्रयोग गरेका छन् । राष्ट्रिय स्तरमा बयस्क जनसंख्याको २.३५ प्रतिशतले मात्र सरकारी सहुलियतपूर्ण कर्जाको प्रयोग गरेका छन् ।

नेपाल राष्ट्र बैंकको वित्तीय समावेशिता पोर्टल अनुसार २०८० असाढ मसान्त सम्ममा यस धुलिखेल नगरपालिकामा २१ ओटा वित्तीय सेवाको पहूँच विन्दुहरु रहेको छ । जसमध्ये वाणिज्य बैंकहरुको १२ ओटा र ९ ओटा लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहूँच विन्दु रहेको छ । पुरुषहरुको सक्रिय बचत खाताहरु ५१ प्रतिशत रहेको छ भने महिलाहरुको सक्रिय बचत खाताहरु ४५ प्रतिशत रहेको छ । जम्मा ६३,३१७ बचत खाताहरु मध्ये ४३,५९९ (६९ प्रतिशत) खाताहरु सक्रिय रहेका छन् । २०८० असार मसान्त सम्ममा रु २,३३,९२,३६,६१४.२७ रकम बचतको रुपमा वाणिज्य बैंकहरुमा जम्मा भएको छ जुन रु ३६,९४४.८४ रकम औसत बचतको रुपमा रहेको छ भने रु ४,७४,८०,०३,६८३.६५ रकम उठ्न बाँकी ऋणको रुपमा रहेको छ । त्यसैगरी वित्तीय सेवा प्रयोगकर्ताहरुमध्ये जम्मा क्रेडिट कार्ड लिनेको संख्या १४७ (सक्रिय संख्या ९८), डेबिट कार्डको संख्या १९,००० ( सक्रिय संख्या ११,०००), प्रिपेड कार्डको संख्या २०२ (सक्रिय संख्या १७४), इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताको संख्या ७२३ (सक्रिय संख्या ४८५) र मोवाइल बैंकिङ्ग सेवा प्रयोगकर्ताहरु २७,००० (सक्रिय संख्या १८,०००) रहेको अवस्था छ ।

## ५. हालसम्मको प्रयास

१५ औं पञ्चबर्षीय योजनाको ४.४ को मौद्रिक तथा वित्तीय क्षेत्र अन्तर्गतको रणनीति नं. ३ मा वित्तीय साक्षरता अभिवृद्धि र वित्तीय प्रविधिको प्रयोग मार्फत दुर्गम तथा पिछडिएका क्षेत्रसम्म वित्तीय पहुँच विस्तार गर्ने विषय समावेश गरिएको र सो रणनीति कार्यान्वयनका लागि स्थानीय तह, बैंङ्क तथा वित्तीय संस्था एवम् सहकारी संस्था र सामुदायिक संस्थाको सहकार्यमा वित्तीय साक्षरता अभिवृद्धि, वित्तीय सेवाको पहुँच विस्तार, सूचना प्रविधिको अधिकतम उपयोग, स्थानीय तहमा उपयुक्त वित्तीय उपकरणहरूको विकास तथा विस्तार, दुर्गम तथा पिछडिएको क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न लघुवित्त वित्तीय संस्थालाई सामाजिक बैंकिङ्ग अवधारणामा वित्तीय सेवा प्रवाह गर्न प्रोत्साहित गरिने कार्यनीति प्रस्ताव गरिएको छ ।

यस नगरपालिकाको आवधिक योजना २०७८-२०८२ मा नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना, तालिकाको ३.५ भित्र बैंक, सहकारी तथा वित्तीय सेवा अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम, संस्थागत क्षमता विकास

कार्यक्रम र वैदेशिक रोजगारीबाट फर्केका वा परिवारलाई लक्षित गरी सञ्चालन गर्ने कार्यक्रमहरु समावेश गरिएको छ । साथै विप्रेषणबाट प्राप्त पुँजी परिचालन कार्यक्रम तय गर्नुका साथै ५.४ अन्तर्गत महिला सशक्तिकरण कार्यक्रम (साक्षरता, सिपमूलक, नेतृत्व विकास, आयआर्जन), विकास व्यवस्थापन अन्तर्गत गैसस, निजी क्षेत्र, सहकारी डेस्क संचालन, समन्वय र साझेदारी गर्ने कार्यक्रमहरुको परिकल्पना गरिएको छ ।

त्यसैगरी, आर्थिक बर्ष २०८०/०८१ को बजेट वक्तव्यको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत बुँदा नं.४०८ मा उल्लेख भए अनुसार शहरोन्मुख वस्ती, साना बजार केन्द्र लगायत वित्तीय सेवाको पहुँच नपुगेका स्थानमा पहुँच विस्तार गरिनेछ, अनलाइन बैङ्किङ, मोबाइल बैङ्किङ, विद्युतीय भुक्तानी प्रणाली लगायतका नयाँ प्रविधि मार्फत वित्तीय कारोवारलाई प्रबर्द्धन गरिनेछ, साना किसान, घरेलु तथा साना उद्यमी र स्टार्टअप सम्बन्धी व्यवसायीलाई सहज वित्तीय पहुँच पुऱ्याइनेछ साथै वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने लक्ष्य राखिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा 'थ' मा वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन गर्ने विषय उल्लेख गरिएको छ । स्थानीय सरकारहरुले आफूलाई आवश्यक पर्ने नीति बनाउन सक्ने प्रावधान रहेको छ । यसका अतिरिक्त नगरपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम मार्फत वैदेशिक रोजगारमा रहेका विप्रेषण प्राप्त गरिरहेका परिवारका सदस्यहरुका लागि वित्तीय साक्षरता कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

## ६. वित्तीय साक्षरता रणनीतिको आवश्यकता

आर्थिक तथा सामाजिक विकासका लागि क्षमता सुहाउँदो र पहुँच पुग्न सक्ने खालका वित्तीय सेवाहरू विस्तार गर्न वित्तीय साक्षरता रणनीतिको अग्रणी भूमिका रहने छ । यसको कार्यान्वयनबाट नागरिकहरुको वित्तीय कारोवारमा सहजता ल्याउन, वित्तीय कारोवार, बैंक तथा वित्तीय संस्था, सरोकारवाला संघसंस्था तथा नागरिकहरुको बुझाइमा एकरुपता ल्याउन, बैंक तथा वित्तीय संस्था बाहिर रहेका वित्तीय कारोबारलाई बैंक तथा वित्तीय संस्थाको दायराभित्र ल्याउन, बैंकिङ तथा

वित्तीय क्षेत्रमा हुने ठगी नियन्त्रण गर्न, वैदेशिक रोजगारी मार्फत प्राप्त हुने विप्रेषणलाई बैंकिङ प्रणालीमा ल्याउन, विपन्न वर्गहरुको वित्तीय सेवाहरूमा पहुँच बृद्धि गरी लघु व्यवसाय सिर्जना गर्न, आम्दानी र रोजगारीका अवसरहरू बढाउन, दिगो विकास लक्ष्यहरु क्रमशः १. गरीवी न्यूनीकरणमा सहयोग ३. स्वस्थ परिवार ४. गुणस्तरीय शिक्षा, ५. लैङ्गिक समानता ८. मर्यादित काम र आर्थिक वृद्धि १०. असमानता न्यूनीकरण १२. उत्तरदायी उत्पादन र उपभोग १६. शान्तिपूर्ण, न्यायमा पँहुच तथा जवाफदेही संघसंस्था स्थापना र १७. लक्ष्य प्राप्तिका लागि सहकार्य/साझेदारी हासिल गर्न समेत योगदान पुऱ्याउने हुँदा यसको आवश्यकता अपरिहार्य देखिन्छ ।

## ७. अवसर, समस्या तथा चुनौतीको विश्लेषण

यस नगरपालिकाको वित्तीय साक्षरताका दृष्टिकोणबाट **अवसर, समस्या तथा चुनौतीको विश्लेषण**

गर्दा अवस्था यसप्रकार रहेको पाइयो ।

### ७.१ अवसर

- नगरपालिकाको आवधिक योजना (२०७८ देखि २०८२) मा वित्तीय साक्षरता, बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि, विप्रेषणबाट प्राप्त पुँजी परिचालन आदि कार्यक्रमहरु समावेश भएको ।
- १२ ओटा वाणिज्य बैंक तथा ९ ओटा लघुवित्त वित्तीय संस्थाको पहुँच विन्दु भएको ।
- विभिन्न प्रकृतिका १०७ ओटा सहकारी संस्थाहरु विद्यमान रहेको ।
- विभिन्न गैसस, उद्योग वाणिज्य संघ, रोजगार संघ तथा अन्य सहकार्य गर्न सकिने संस्थाहरु अवस्थित रहेको ।
- वित्तीय साक्षरताको सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार, समेतको चासोको विषय रहेको ।
- वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएको ।
- आर्थिक तथा वित्तीय कारोबार बढ्दै गएको ।

- ६३,३१७ बचत खाताहरुमा २०८० असाढ मसान्त सम्ममा रु २,३३,९२,३६,६१४.२७ रकम बचतको रुपमा वाणिज्य बैंकहरुमा रु. ४,७४,८०,०३,६८३.६५ रकम उठन बाँकी ऋणको रुपमा रहेको, क्रेडिट कार्ड लिनेको संख्या १४७, डेविट कार्डको संख्या १९,०००, प्रिपेड कार्डको संख्या २०२, इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताको संख्या ७२३ र मोवाइल बैंकिङ्ग सेवा प्रयोगकर्ताहरु २७,००० को संख्यामा रहेको र यो संख्या दिनानुदिन बढ्दै गएको ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमा आबद्ध भएको ।
- स्थानीय सरकार सञ्चालन ऐनमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था रहेको ।
- विद्युतीय बैंकिङ कारोबार बढ्दै गएको ।
- विभिन्न संघ-संस्था र आम नागरिकको चासोको विषय रहेको ।
- नगरपालिकामा ८० प्रतिशत भन्दा बढी साक्षरता रहेको ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन भइरहेको ।

### ७.२ समस्या तथा चुनौती

#### क. समस्या

- नगरपालिकाबाट सञ्चालन हुने तालिम तथा चेतनामूलक कार्यक्रमहरुमा वित्तीय साक्षरता समावेश गर्न नसकिएको ।
- नगरपालिका क्षेत्रभित्र वित्तीय साक्षरता कार्यक्रम समन्वयात्मक तरिकाबाट सञ्चालन गर्न नसकिएको ।
- वैदेशिक रोजगारीमा संलग्न सीमित परिवारका सदस्यभन्दा बाहेक अन्य व्यक्ति, समुदाय तथा वर्गका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न नसकिएको ।
- नगरक्षेत्रभित्र रहेका बैङ्क तथा वित्तीय संस्थाहरु र सहकारीहरुले सञ्चालन गरेका वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम यथेष्ट रुपमा अनुगमन तथा नियमन गर्न नसकिएको ।
- शिक्षण संस्था, होटल व्यवसाय, होमस्टे, स्वास्थ्य संस्थाहरु लगायत अन्य निजी क्षेत्रलाई वित्तीय साक्षरताको बारेमा सचेतना अभिवृद्धि गराउन नसकिएको ।

## ख. चुनौती

- अनौपचारिक क्षेत्रबाट हुने आर्थिक तथा वित्तीय कारोवारलाई बैंकिङ प्रणालीभित्र ल्याउनु ।
- दक्ष मानवीय स्रोतको व्यवस्थापन गर्नु ।
- कम्तिमा एक घर, एक बैंक खाताको प्रावधान लागू गर्नु ।
- वित्तीय साक्षरतालाई सबै नागरिकसम्म पु¥याउनु ।
- वित्तीय ठगी नियन्त्रण गर्नु ।
- गैर सरकारी संस्थाहरु र बैंक तथा वित्तीय संस्थाहरुसँग नियमित समन्वय र सहकार्य गर्नु ।
- सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गर्नु ।
- विद्युतीय आर्थिक तथा वित्तीय कारोबारका बारेमा आम नागरिकमा सचेतना अभिबृद्धि गर्नु ।

## ८. सोचः

"वित्तीय साक्षरताले सुसूचित नागरिक, आर्थिक तथा वित्तीय रुपले समृद्ध धुलिखेल नगरपालिका"

## ९. लक्ष्यः

धुलिखेल नगरपालिकाका नागरिकहरुको वित्तीय ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने ।

## १०. उद्देश्य

- वित्तीय साक्षरता अभिवृद्धि गर्नु ।
- वित्तीय साक्षरताको माध्यमबाट ज्ञान, सीप, धारणा र व्यवहारमा परिवर्तन ल्याउनु ।
- वित्तीय पहुँच, उपयोग र वित्तीय सशक्तिकरणमा योगदान दिनु ।
- अनौपचारिक क्षेत्रमा रहेका आर्थिक तथा वित्तीय कारोवारहरुलाई बैंक तथा वित्तीय संस्थाको दायरामा ल्याउनु ।

## ११. रणनीतिक प्राथमिकताहरु

तल उल्लेखित रणनीतिक प्राथमिकताहरुले रणनीतिक महत्वका विषयहरुमा प्रगति गर्न मार्ग निर्देशन गर्ने छ ।

- आर्थिक अवस्था र आम्दानीको स्तरको आधारमा नगरपालिकाभित्रका विभिन्न जातजाति, वर्ग, समुदायका महिला, पुरुषलाई सामाजिक तथा वित्तीय साक्षरता कार्यक्रममा समावेश गरी उनीहरुको संलग्नता र सशक्तिकरण गर्न वित्तीय साक्षरता कार्यक्रम विस्तार गर्ने ।
- विद्युतीय वित्तीय कारोबार - वृद्धिमा प्रबर्द्धन गर्ने ।
- बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी कार्यक्रम विस्तार गर्ने ।
- सहकारी संस्थाहरुको संस्थागत सुदृढीकरण गरी वित्तीय साक्षरता कार्यक्रमका लागि परिचालन गर्ने ।
- सम्बन्धित सरोकारवाला संस्थाहरुसँग प्रभावकारी समन्वयात्मक साझेदारीलाई सुदृढ गर्ने ।
- कार्यक्रमलाई प्रभावकारी बनाउन नियमित अनुगमन, मापन तथा मूल्याङ्कन गर्ने ।

## १२. रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. लक्षित वर्गको पहिचान गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । | १. वित्तीय साक्षरताका लागि लक्षित वर्गको पहिचान गरी प्राथमिकीकरण गरिनेछ ।<br>२. प्राथमिकीकरण अनुसार निम्न वर्गहरुमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>क) कम आय भएका सिमान्तकृत वर्ग, साना किसानहरु, उपेक्षित वर्ग नियमित रुपमा आम्दानी नहुने व्यक्तिहरु ।<br>ख) मध्यम आम्दानीकर्ता तथा ठूला आम्दानीकर्ता, मझौला तथा ठूला व्यवसायी |

| | |
|---|---|
| | र कृषि उद्यमीहरु ।<br>ग) नियमित आम्दानी हुने व्यक्तिहरु, सेवा तथा अन्य क्षेत्रहरुमा रहेका श्रमिक/कर्मचारी र वैदेशिक रोजगारीसँग सम्बन्धित व्यक्ति तथा परिवार ।<br>घ) युवा तथा विद्यार्थीहरु ।<br>ङ) स्थानीय संघ-संस्था, समूह तथा समितिहरु ।<br>च) वित्तीय संस्था तथा सहकारी संस्थाहरुका पदाधिकारी तथा सदस्यहरु । |
| २. वित्तीय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने | १.नगर क्षेत्रभित्रका बैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, गैरसरकारी संस्थाहरु र निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी वित्तीय साक्षरतालाई अभियानको रुपमा सञ्चालन गरिने छ । |
| ३. वित्तीय सेवाहरुमा पहुँच विस्तार गर्ने | १. वित्तीय सेवामा नागरिकको पहुँच घर-दैलोमा पु¥याउन बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरिने छ ।<br>क. लक्षित समूहहरुको वित्तीय माग सम्बोधन गर्ने जिम्मेवारीसँगै आपूर्ति पक्षको लागि पनि अवसर सिर्जना गर्न बचत, ऋण, बीमा, विप्रेषण र लगानी बढाउनुका साथै गुणस्तरीय वित्तीय सेवाहरु प्रवर्द्धनमा पहुँच विस्तार गर्न सेवा प्रदायकलाई प्रोत्साहन गरिने ।<br>ख. सहकारी संस्थाहरुमा सबै नागरिकको सहज पहुँच स्थापित हुने व्यवस्था मिलाइने । |

| | |
|---|---|
| ४. बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने | १. वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सबै बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय र साझेदारी गरिने छ ।<br><br>क. नगर क्षेत्रभित्र रहेका बैंङ्क तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी सामाजिक उत्तरदायित्व (ऋक्च) अन्तर्गत रहेको रकम परिचालन गर्न लगाई बैंक तथा वित्तीय संस्थामा आबद्ध सदस्यहरुलाई अनिवार्य रुपमा क्रमशः वित्तीय साक्षरता तालिम सञ्चालन गर्न समन्वयात्मक भूमिका निर्वाह गरिने ।<br>ख. वित्तीय सेवाहरुको समावेशी पहुँच र प्रभावकारी उपयोगका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिने । |
| ५. वित्तीय व्यवस्थापन र जिम्मेवार वित्तका लागि गुणस्तरीय मार्गदर्शन प्रदान गर्ने । | १. उद्यमशीलता क्षमता अभिवृद्धि, वित्तीय पहुँच प्रदान गर्ने र उपयोगका लागि प्रोत्साहन गर्दै आवश्यकता अनुसार मार्गदर्शन तथा परामर्श, वित्तीय योजनासम्बन्धी ज्ञान, जोखिम व्यवस्थापनबारे अनुशिक्षण प्रदान गरिने ।<br>२. ऋणको सही सदुपयोग गरी कसरी असल ऋणी बन्ने र वित्तीय संस्थाहरुको खराब ऋणहरुलाई कसरी घटाउने भन्ने विषयमा अनुशिक्षण गरिने । |
| ६. उद्यमशीलता विकासका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालनलाई प्रोत्साहन गर्ने । | १. आर्थिक विकास र सशक्तिकरणको लागि कुनै पनि समुदायको वित्तीय समावेशीकरण बढाउनु पूर्व शर्त नै हुने भएकोले व्यावसायिक |

| | |
|---|---|
| | क्षमता र व्यावसायिक सोच निर्माण गर्न युवा, किसान र महिला उद्यमीहरु जस्ता लक्षित समूहहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभिन्न संघ-संस्थाहरुसँग साझेदारी गरिने । |
| ७. सहकारी संस्थाहरुलाई सुदृढ गरी परिचालन गर्ने । | १. यस नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरुको नियमन, अनुगमन र क्षमता अभिवृद्धि गरी सुदृढ गर्ने र वित्तीय साक्षरता कार्यक्रमका लागि परिचालन गरिने ।<br>२. सहकारीको लगानीलाई लक्षित वर्गमा र उत्पादनशील क्षेत्रमा उपयोग गरिने । |
| ८. सरोकारवाला निकायहरुसँग समन्वय र साझेदारी गर्ने । | १. नगरक्षेत्रभित्र कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी संस्थाहरुसँग समन्वय गरी संस्थाहरुले प्रदान गर्ने क्षमता विकाससम्बन्धी तालिमहरुको पाठ्यक्रममा वित्तीय साक्षरताको विषयवस्तु समावेश गरी कार्यक्रम सञ्चालन गर्न लगाइने ।<br><br>२. गैरसरकारी संघ-संस्थाबाट प्रदान गरिने आर्थिक अनुदान/सहयोगपूर्व वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न लगाइने ।<br><br>३. विकास साझेदारहरुलाई नगरपालिकाको वार्षिक समीक्षा कार्यक्रममा सहभागी गराई कार्यक्रम समीक्षा गर्दा वित्तीय साक्षरताको दृष्टिकोणले विश्लेषण गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्बन गरिने । |

| | |
|---|---|
| ९. विद्यालय पाठचकममा वित्तीय साक्षरता कार्यकम समावेश गर्न प्रदेश सरकारसँग समन्वय गर्ने । | १. विद्यालयको पाठचकममा वित्तीय साक्षरता कार्यकम समावेश गर्न प्रदेश सरकारसँग समन्वय गर्ने र आधारभूत तहदेखि नै हाल भइरहेको पाठ्यक्रममा वित्तीय साक्षरता सम्बन्धी पाठ्यक्रम समावेश गरी अध्यापन गराइने ।<br>२. विद्यालयहरुमा सञ्चालन गरिने अतिरिक्त कृयाकलापहरुमा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम आयोजना गरिने । |
| | |
| १०. विद्युतीय वित्तीय सेवा प्रवाहको सुदृढीकरण गर्ने । | १. वित्तीय समावेशीता प्रवर्द्धन गर्न विद्युतीय प्रविधिको प्रयोग, सुरक्षा र उपभोक्ता संरक्षणलाई प्राथमिकता दिइने ।<br>२. वित्तीय पहुँच नभएका समुदायहरुका लागि विद्युतीय पूर्वाधारको सुदृढीकरण गर्दै विद्युतीय वित्तीय सेवाको पहुँच विस्तारसँगै हुनसक्ने जोखिमहरुबाट संरक्षण गरिने । |
| ११. नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरु वा कार्यक्रमहरुमा वित्तीय साक्षरता कार्यक्रम समावेश गरी सञ्चालन गर्ने । | नगरपालिकाभित्रका विभिन्न शाखाबाट सञ्चालन गरिने देहायका कार्यक्रमहरुमा वित्तीय साक्षरता समावेश गरिने ।<br><br>**रोजगार प्रवर्द्धन कार्यक्रम**<br>१. प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत अन्य यस्तै प्रकृतिका कार्यक्रमहरुमा ।<br>२. वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका र वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गरिरहेका परिवारका सदस्यहरुलाई प्रदान गरिने तालिममा । |

| | |
|---|---|
| | **लघुउद्यम विकास कार्यक्रम**<br>१. लघु उद्यम शाखा (मेड्पा) बाट सञ्चालित उद्यमशीलता विकास तालिममा ।<br>**महिला विकास**<br>१. महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि तालिममा ।<br>२. व्यवसाय सञ्चालन तथा अन्य अनुदानका कार्यक्रमहरुमा समावेश भएका सहभागीहरुलाई प्रदान गरिने तालिम तथा अभिमुखीकरणमा ।<br><br>**कृषि कार्यक्रम**<br>१. व्यवसायका लागि अनुदान पाउन योग्य कृषकहरुलाई अनुदान दिनुपूर्व अभिमुखीकरण कार्यकम प्रदान गर्ने समयमा ।<br>२. तलिम तथा अभिमुखीकरणमा कृषि प्रविधि, उत्पादन वृद्धि, बजारीकरण जस्ता विषयमा क्षमता अभिवृद्धि गर्ने ।<br><br>**पशुपंक्षी विकास**<br>१. पशु प्राविधिक, व्यावसायिक पशु-पालन तथा प्रवर्द्धन आदि जस्ता तालिममा ।<br>२. पशुपंक्षी विकास तथा प्रवर्द्धनका लागि अनुदान कार्यक्रम सञ्चालन गर्दा अनुदानपूर्व अभिमुखीकरण कार्यकम प्रदान गरिने समयमा ।<br>**शिक्षा शाखा**<br>१. नगरपालिकाको शिक्षा शाखा मार्फत सञ्चालन गरिने शिक्षकहरुको क्षमता अभिवृद्धि तालिममा ।<br>२. शिक्षा शाखा तथा विद्यालयले नियमित |

| | |
|---|---|
| | रुपमा सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापहरु सञ्चालनमा ।<br>**स्वास्थ्य शाखा**<br>१. स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउनुपूर्व गरिने सदस्यहरुसँगको घर-भेटघाटमा ।<br>२. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि तालिममा ।<br>३. आमा समूहको बैठक तथा भेलामा ।<br>४. प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य चेतना अभिवृद्धि कार्यक्रममा ।<br>**सहकारी विकास**<br>१. सहकारी शाखा मार्फत सहकारी संस्थाका पदाधिकारीहरु तथा कर्मचारीहरुका लागि दिइने क्षमता विकास सम्बन्धी तालिममा ( आधारभूत लेखा, नेतृत्व विकास, कोपोमिस आदि) ।<br>२. सहकारी संस्था मार्फत सञ्चालन हुने सहकारी शिक्षा कार्यक्रममा ।<br>**पूर्वाधार विकास**<br>१. ग्रामीण पूर्वाधार (सडक, साना सिंचाई, खानेपानी, लघुविद्युत आदिका उपभोक्ता) निर्माणका लागि गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरुलाई उपभोक्ता समिति गठन भएपछि दिइने तालिममा । |
| १२.निजी क्षेत्रसँग सहकार्य गर्ने | १. नगरभित्र रहेका निजी क्षेत्रसँग समन्वय गरी उक्त क्षेत्रमा आवद्ध रहेका श्रमिक तथा कर्मचारीहरुका लागि वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण कार्यकम सञ्चालन गरिने । |
| १३.कार्यक्रमको अनुगमन तथा | १. वित्तीय साक्षरता कार्यक्रमको नियमित |

| | |
|---|---|
| मूल्याङ्कन | अनुगमन र सोको नतिजा मापन गरिने ।<br>२. नतिजा मापनमा विशेष गरी ज्ञान, सिप, मनोवृत्ति र व्यावहारिक पक्षहरुलाई समावेश गरिने ।<br>३. वित्तीय साक्षरता कार्यक्रमबाट अनुशिक्षण पाएका लाभग्राहीहरुको तथ्याङ्क नगरपालिकाको सूचना प्रणालीमा व्यवस्थित गरी राखिने । |
| १४. एक बालिग एक बैंक खाताको अभियान सञ्चालन गर्ने । | १. एक बालिग एक खाता सञ्चालनलाई अभियानको रुपमा अघि बढाउने क्रममा पहिलो चरणमा एक परिवारको कम्तिमा एक बैंक खाता रहने व्यवस्थालाई अभिप्रेरित गर्दै क्रमश: परिवारका सबै बालिग व्यक्तिहरुको खाता खोल्न बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरिने ।<br>२. अनौपचारिक क्षेत्रबाट हुने आर्थिक कारोबारलाई वित्तीय संस्था मार्फत ल्याउन बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिने । यसको लागि निजी क्षेत्र सहकारी, विद्यालय, शिक्षक तथा गैसस सबैको सहयोग लिइने ।<br>३. सहकारी संस्थामा महिला तथा विपन्न वर्गको सदस्यतालाई प्रोत्साहन गरिने ।<br>४. अनौपचारिक क्षेत्रबाट हुने मिटरव्याज तथा अन्य ठगीलाई नियन्त्रण गर्न प्रभावकारी कदम चालिने ।<br>५. "सबै विप्रेषण बैंकिङ क्षेत्रबाट" भन्ने अभियान सञ्चालन गरिने । |
| १५. आवधिक रुपमा माईक्रो ईकोनोमिक एनालाईसिस गर्ने | १. हरेक ५ बर्षमा स्थानीय आर्थिक अवस्थाको माईक्रो ईकोनोमिक एनालाईसिस गरिने ।<br>२. विश्व अर्थतन्त्र, राष्ट्रिय अर्थतन्त्र र स्थानीय अर्थतन्त्रसंग तादात्म्यता कायम गरी कार्यक्रम सञ्चालन गरिने । |

## १३. रणनीति कार्यान्वयनको व्यवस्था

वित्तीय साक्षरता कार्यक्रम सञ्चालनमा सामाजिक विकास शाखाको नेतृत्वमा अन्य शाखाहरुसँग समन्वय कायम गरी कार्यान्वयन गरिने छ । नियमित सेवा प्रवाहका लागि सामाजिक विकास शाखा अन्तर्गत वित्तीय साक्षरता सहजकर्ताको व्यवस्था गरिनेछ । कार्यक्रमको आयतन अनुसार आवश्यक जनशक्ति पूर्तिका लागि सहजकर्ता थप गर्ने वा स्रोत व्यक्ति तयार गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । लक्षित समूहहरुको स्तर र वित्तीय क्षमताको आधारमा तालिम सामग्रीहरु जस्तै सहभागी पुस्तिका, सहजकर्ताहरुको लागि तालिम निर्देशिका र अन्य सामग्रीहरुको आवश्यकता अनुसार विकास गरिने छ । थप क्षमता विकासका लागि नगरपालिकाले आवश्यकता अनुसार सेवा प्रदायक संस्था (गैरसरकारी/निजी) तथा विज्ञहरुबाट सेवा लिन सक्ने छ ।

## १४. स्रोत व्यवस्थापन

वित्तीय साक्षरता कार्यक्रम संचालन गर्न आवश्यक बजेट नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रममा समावेश गरिनेछ । प्रदेश तथा संघीय सरकार मार्फत प्राप्त हुने स्रोत, बैङ्क तथा वित्तीय संस्था, सहकारी, गैरसरकारी संस्थाहरु, होटल/अन्य व्यवसाय, शिक्षण तथा स्वास्थ्य संस्थाका साथै निजी क्षेत्र समेतको समन्वयमा स्रोतको व्यवस्थापन गरिने छ ।

## १५. अनुगमन तथा मूल्याङ्कन

सामाजिक विकास समितिको संयोजकत्व तथा आर्थिक विकास समिति समेतको सहभागितामा वित्तीय साक्षरता अनुगमन संयन्त्रको स्थापना गरी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाइने छ । रणनीतिमा उल्लेख गरिएका क्रियाकलापहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए-नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई समावेश गर्न सुझाव प्रदान गर्ने, वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वयन कसरी भइरहेको छ भन्ने विषयमा समेत नियमित अनुगमन गरी नगर प्रमुखमार्फत् नगरकार्यपालिकामा प्रतिबेदन पेश गर्ने व्यवस्था गरिने छ ।

## १६. जोखिम

वित्तीय साक्षरता रणनीति कार्यान्वयनमा आन्तरिक र बाह्य पक्षहरुबाट जोखिम उत्पन्न हुने संभावना रहेको छ । जोखिमका घटनाले जोखिम घटनाको आवृत्तिलाई जनाउँछ जबकि जोखिम-प्रभावले जोखिम उपायको प्रभावको स्तरलाई जनाउँछ ।

| संभावित जोखिमको प्रकार | जोखिमको प्रकृति | जोखिम न्यूनिकरणको उपाय | जोखिमको असर |
|---|---|---|---|
| उद्देश्यबाट बिचलन | वित्तीय साक्षरता कार्यक्रमलाई सम्बन्धित शाखाहरुले महत्वका साथ हेर्न सकिएन भने कार्यान्वयन पक्ष कमजोर हुन सक्ने । | सम्बन्धित शाखाहरुलाई सूचक सहित जिम्मेवारी तोक्ने । | उच्च |
| सहजकर्ताको तयारी | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने सहजकर्ता /प्रशिक्षकलाई प्रभावकारी तालिम प्रदान गर्न नसकिएमा । | वित्तीय साक्षरता कार्यक्रम संचालन गर्नुभन्दा अगाडि प्रभावकारी रुपमा तालिम प्रदान गर्ने । | उच्च |
| लक्षित वर्गको छनोट | समुदाय वा स्थान अनुसार लक्षित वर्ग छनोटका मापदण्ड तोक्न नसक्दा । | लक्षित वर्ग छनोटका मापदण्डहरु तय गर्ने र सोही अनुसार छनोट गर्ने । | उच्च |
| विविध लक्षित वर्गहरु | यस रणनीतिले तय गरेका लक्षित वर्गहरुमा विविधता भएकाले उनीहरुमा वित्तीय साक्षरता सम्बन्धी बुझाइको स्तर फरक हुने । उनीहरुको आवश्यकता र माग पनि फरक-फरक हुन सक्छ । वित्तीय | लक्षित वर्ग अनुसारका पाठ्यक्रम र अन्य सिकाइका सामग्रीहरुको निर्माण गर्ने । सरोकारवालाहरुसँग नियमित छलफल गर्ने र कार्य योजना निर्माण गर्ने । सहजकर्ताहरुलाई | उच्च |

| | | | |
|---|---|---|---|
| | साक्षरता कार्यान्वयनमा जटिलता आउन सक्ने । | पनि लक्षित वर्ग अनुसारको प्रशिक्षण प्रदान गर्ने । | |
| वञ्चितीकरणमा परेका वर्गहरुको समावेशिता | दुर्गम समुदाय, न्यून आय भएका, बेरोजगार वा अर्धरोजगारीका कारणले वञ्चितमा परेका घरपरिवारको वित्तीय समावेशिता र वित्तीय साक्षरता कार्यक्रममा सहभागिता गराउन जटिलता । | वञ्चितमा परेका घरपरिवारको पहिचान गर्ने र उनीहरुको अवस्था हेरी कार्यक्रमप्रति आकर्षण गर्ने खालको कार्य योजना बनाई कार्यक्रम सञ्चालन गर्ने । | उच्च |
| सहभागिता | महिला, न्यून आय, बेरोजगार वा अर्धरोजगारी भएका घरपरिवारहरुको नियमित सहभागिता हुन नसक्ने संभावना । | महिला, न्यून आय, बेरोजगार वा अर्धरोजगारी भएका परिवारको आवश्यकता वा मागको पहिचान गर्ने र सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने साथै नियमित अनुगमन गरी सहभागिताको लागि उत्प्रेरित गर्ने । | उच्च |
| समन्वय र सहकार्य | वित्तीय साक्षरता कार्यक्रम बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहकार्यमा समस्या आउन सक्ने । | नियमित रुपमा वित्तीय साक्षरता कार्यक्रमको सरोकारवालाहरुसँग सम्पर्क र समन्वयमा जोड दिने । | मध्यम |
| सम्बन्धित विषयगत शाखा र | विषयगत शाखा तथा अन्य सरोकारवालाहरु वीच रणनीति | जिम्मेवार विषयगत शाखाले सम्बन्धित सबै पक्षहरुसँग नियमित | मध्यम |

| | | | |
|---|---|---|---|
| सरोकारवालाहरु बीच समन्वय | कार्यान्वयनमा अन्योल तथा दोहोरोपना हुन सक्ने । | समन्वय गर्ने र सरोकारवालाहरु सहित कार्ययोजना निर्माण गरी अन्योलता र दोहोरपना हटाउने । | |
| क्षमतायुक्त, दक्ष जनशक्ति, स्रोत र साधनको सीमितता | वित्तीय साक्षरता रणनीति कार्यान्वयनमा क्षमतायुक्त, दक्ष जनशक्ति, स्रोत र साधनको सीमितता हुन सक्ने । | क्षमतायुक्त, दक्ष जनशक्ति निर्माण गर्न तालिम प्रदान गर्ने र स्रोत - साधनको समयमै व्यवस्था गर्ने । | मध्यम |

## १६. समीक्षा तथा संशोधन

यस रणनीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ ।

## १७. रणनीति कार्यान्वयनको कार्ययोजना

| क्र. स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल | इकाई | परिमाण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | न्यून आय भएका नागरिकहरुलाई वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण । | रोजगार सेवा केन्द्र तथा उद्यम विकास शाखा | वित्तीय संस्था तथा गैह्रसरकारी संस्था | अभिमुखीकरण कार्यक्रममा सहभागी घरधुरीका सदस्यहरुले वित्तीय साक्षरताको ज्ञान, सीप प्राप्त गर्नेछन् । | जना | ६०० | ५० | ७० | १२० | १८० | १८० |
| २. | नियमित आम्दानी हुने व्यक्तिहरु, सेवा तथा अन्य क्षेत्रहरुमा रहेका श्रमिक/कर्मचारी र वैदेशिक रोजगारीसँग सम्बन्धित व्यक्ति | सहकारी तथा संघ संस्था समन्वय शाखा | वित्तीय संस्था तथा गैह्रसरकारी संस्था | नियमित आम्दानी हुने सदस्यहरुले वित्तीय साक्षरताको ज्ञान सीप प्राप्त गरी व्यवहारमा | जना | ३०० | ६० | ६० | ६० | ६० | ६० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा परिवारका लागि वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण । | | | परिवर्तन भई वित्तीय पहुँचमा बृद्धि हुनेछ । | | | | | | | |
| ३. | विद्यालयमा वित्तीय साक्षरता सम्बन्धी अतिरिक्त क्रियाकलाप संचालन । | शिक्षा युवा तथा खेलकुद शाखा | वित्तीय संस्था तथा गैह्रसरकारी संस्था | आधारभुत तथा माध्यमिक तहका विद्यार्थीहरुले वित्तीय साक्षरता सम्बन्धी आधारभूत ज्ञान प्राप्त गरी परिवारको असल वित्तीय व्यवहारमा बृद्धि हुनेछ । | जना | १२०० | १०० | २०० | ३०० | ३०० | ३०० |
| ४. | आधारभूत तहको स्थानीय पाठ्यक्रममा वित्तीय साक्षरता सम्बन्धी विषयबस्तु समाबेश । | नगरपालिका | प्रदेश सरकार | आधारभूत तहको पाठ्यक्रममा वित्तीय साक्षरता सम्बन्धी विषय समाबेश हुनेछ । | पटक | १ | | १ | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | बैंक तथा वित्तीय संस्थामा आबद्ध सदस्यहरुका लागि वित्तीय साक्षरता सचेतना कार्यक्रम । | सहकारी तथा संघ संस्था समन्वय शाखा | नगरक्षेत्रभित्र रहेका बैंक तथा वित्तीय संस्था/गैह्रसरकारी संस्था | बैंक तथा वित्तीय संस्थामा आवद्ध रहेका सदस्यहरुको वित्तीय अनुशासन कायम भएको हुनेछ । | जना | ३१०० | ४०० | ६०० | ७०० | ७०० | ७०० |
| ६. | सहकारीका सदस्यहरुका लागि वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण । | सहकारी तथा संघ संस्था समन्वय शाखा | नगरक्षेत्रभित्र रहेका सहकारी संस्थाहरु | सहकारीका सदस्यहरुलाई बचत बृद्धि तथा ऋणको सदुयपयोगितामा टेवा पुग्नेछ । | जना | २८०० | ४०० | ६०० | ६०० | ६०० | ६०० |
| ७. | सहकारी संस्थाका संचालक/पदाधिकारी हरुका लागि वित्तीय व्यवस्थापन सम्बन्धी तालिम संचालन । | सहकारी तथा संघ संस्था समन्वय शाखा | नगरक्षेत्रभित्र रहेका सहकारी संस्थाहरु | सहकारी संस्थाका संचालक/पदाधिकारीहरुको क्षमता अभिबृद्धि हुनेछ । | जना | ३५० | ४० | ७० | ८० | ८० | ८० |
| ८. | नगरपालिका | रोजगार तथा | वित्तीय संस्था | शाखाहरुले | जना | २०० | २० | ४५ | ४५ | ४५ | ४५ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तर्गतका विभिन्न शाखाहरुलाई वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण । | उद्यम विकास शाखा, पशु विकास शाखा, महिला विकास शाखा, कृषि विकास शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य शाखा आदी । | तथा गैह्रसरकारी संस्था | वित्तीय साक्षरताको ज्ञान सीप प्राप्त गरी असल वित्तीय व्यवहारको शुरुवात गर्नेछन् । | | | | | | | |
| ९. | उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरुलाई वित्तीय साक्षरता कार्यक्रम संचालन । | सहकारी तथा संघ संस्था समन्वय शाखा | वित्तीय संस्था तथा गैह्रसरकारी संस्था, उद्योग बाणिज्य संघ | उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरुमा क्षमता अभिवृद्धि भई वित्तीय साक्षरताको ज्ञान सीप विस्तार हुनेछ । | जना | ३०० | ३० | ६० | ७० | ७० | ७० |

अनुसूची १:

वित्तीय साक्षरताको पाठचक्रममा समावेश हुने मुख्य विषयहरु :

- ❖वित्तीय साक्षरताको परिचय
- ❖चाहना र आवश्यकता
- ❖पारिवारिक योजना र वित्तीय लक्ष्य
- ❖वित्तीय सेवा तथा सेवा प्रदायकहरु
- ❖बचतको योजना तथा व्यवस्थापन
- ❖ऋण व्यवस्थापन
- ❖विद्युतीय बैंकिङ् सेवा
- ❖पारिवारिक बजेट
- ❖पारिवारिक वित्तीय व्यवस्थापन तथा अनुशासन
- ❖आम्दानी खर्चको वर्गीकरण तथा लेखाजोखा
- ❖सुरक्षित वैदेशिक रोजगार र विप्रेषण
- ❖सम्पत्ति निर्माण
- ❖जोखिम व्यवस्थापन
- ❖लघु-उद्यम स्थापना तथा विकास र व्यावसायिक योजना
- ❖पुँजीको लागत

पाठ्यक्रम तयार गर्दा आवश्यकता अनुसार यी विषयहरुमा थप/घट गरी पाठ्यक्रम तयार गर्न सकिने छ ।

## अनुसूचीः २ वित्तीय साक्षरता कार्यक्रमको मूल प्रवाहीकरण

निम्न आय भएका, वित्तीय पहूँचबाट बञ्चित र सिमान्तकृत समुदायहरुले भोगेका समस्याहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु, योजना, बजेट विनियोजन, अवसरहरुमा पहूँच, व्यावसायिक क्रियाकलाप, अनुगमन, मूल्याङ्कन र अध्ययन आदि कार्यहरुमा समान अवसरमार्फत् वित्तीय सवाल र समस्याको सम्बोधन गरी वित्तीय साक्षरताको माध्यमबाट आर्थिक विकासको प्रक्रियामा मूल प्रवाहीकरण गर्ने ।

वित्तीय साक्षरता कार्यक्रमको लागि बजेटको सुनिश्चितताका साथै लक्षित वर्गहरुको वित्तीय साक्षरतामा पहूँच अभिवृद्धि गर्न यस कार्यक्रमलाई मूलप्रवाहीकरण गरिने छ । वित्तीय साक्षरता रणनीति कार्यान्वयनका लागि कानुनी तथा नीतिगत प्रबन्ध गरी संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट समुदाय स्तरमा व्यापक रुपमा बित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने प्रणालीको विकास पनि गरिने छ । निम्न बमोजिमका माध्यमहरु अवलम्बन गरी वित्तीय साक्षरता रणनीति मूल प्रवाहीकरण गरिनेछ ।

| माध्यमहरु | मूल प्रवाहीकरण प्रक्रिया |
|---|---|
| आर्थिक विकास समिति | • वित्तीय साक्षरता कार्यक्रमका लागि पाठ्यक्रम निर्माण गर्न र विभिन्न लक्षित वर्गमा कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरी सो बजेट पारित गर्न कार्यपालिकामा पेश गर्ने । |
| आर्थिक विकास<br>-रोजगार प्रबर्द्धन कार्यक्रम<br>-लघुउद्यम विकास कार्यक्रम | • स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमबाट मध्यम आम्दानीकर्ता तथा ठूला आम्दानीकर्ता, मझौला तथा ठूला व्यवसायी र कृषि उद्यमीहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने । |
| सामाजिक विकास | • वित्तीय साक्षरता कार्यक्रमका लागि लक्षित समुदायहरुको छनोट र परिचालन गर्ने, पाठ्यक्रम |

| | |
|---|---|
| | निर्माण गर्ने । <br>● सेवा तथा अन्य क्षेत्रहरुमा रहेका श्रमिक/कर्मचारी र वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका व्यक्ति/विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने । <br>● सम्बन्धित सबै सरोकारवाला पक्षहरुलाई आभिमुखीकरण कार्यक्रम गरी कार्यान्वयन र परिणाममा एकरुपता ल्याउने । |
| सहकारी विकास | ● सहकारी संस्थाहरुको वित्तीय साक्षरतामा क्षमता अभिवृद्धि गरी कम आय भएका सिमान्तकृत वर्ग साना किसानहरु, उपेक्षित वर्ग नियमित रुपमा आम्दानी नहुने व्यक्तिहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने । <br>● सहकारी संस्थाहरुको माध्यमद्वारा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । |
| शिक्षा तथा स्वास्थ्य | ● युवा तथा माध्यमिक तहका विद्यार्थीहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने । <br>● स्वस्थ शहर कार्यक्रम कार्यान्वयनका लागि गठन गरिएको समितिलाई वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । <br>● वित्तीय साक्षरताको दृष्टिकोणबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि (वित्तीय साक्षरतासम्बन्धी तालिम) तथा परिचालन गर्ने । |
| योजना, अनुगमन तथा तथ्याङ्क शाखा | ● वित्तीय साक्षरता कार्यक्रमलाई योजनामा समावेश गर्ने । विभिन्न लक्षित बर्गका लागि सञ्चालनमा रहेका वित्तीय साक्षरता कार्यक्रमको नियमित अनुगमन गर्ने, तथ्याङ्क सङ्कलन गर्ने, विश्लेषण गर्ने र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन भइसकेका लक्षित |

| | |
|---|---|
| | वर्गहरुको पुनरावलोकन (फलोअप) गर्ने । |
| राजश्व तथा आर्थिक प्रशासन शाखा | ● वित्तीय साक्षरता कार्यक्रम सञ्चालन तथा कार्यान्वययनका लागि उत्तरदायी हुने । |
| बैंक तथा वित्तीय संस्थाहरु | ● बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी सामाजिक उत्तरदायित्व अन्तर्गत रहेको कोष उपयोग गरी समुदाय स्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । |
| विद्यालयहरु | ● आधारभूत तहदेखि नै शिक्षक छनोट गरी वित्तीय साक्षरतासम्बन्धी तालिम प्रदान गर्दै यसका माध्यमबाट कक्षा ६ देखि माथिका विद्यार्थीहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । |

अनुसूचीः ३

बित्तीय साक्षरता अनुशिक्षणका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्विकृत गरिएका वित्तीय साक्षरता सम्बन्धी मोड्यूलहरु आवश्यकता अनुसार प्रयोग गरिनेछ ।

प्रमाणिकरण मितिः २०८०/१०/१७

आज्ञाले

सुरेन्द्र थापामगर

प्रमुख प्रशासकीय अधिकृत